# मिति २०८०/०७/१  गते बुधबार १४६औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. वडादशैको शुभकामना सम्बन्धमा।
२. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
३. घर नक्सा अभिलेखिकरणको म्याद थप सम्बन्धमा।
४. ठेक्काको म्याद थप सम्बन्धमा।
५. तालिमको म्याद थप गर्ने सम्बन्धमा।
६. वडा नं. १४ सुन्दरनगर टोल र शुभबिहानी टोल जोडने सेवार खोलामा ट्रष्ट बृज निर्माण सम्बन्धमा।
७. गाडी मर्मत रकम भुक्तानी सम्बन्धमा।
८. बहुवर्षिय ठेक्का आह्वान गर्ने सम्बन्धमा।
९. मापदण्ड विपरित निर्माण भएको घर संरचना हटाउने सम्बन्धमा।
१०. आर्थिक सहयोग सम्बन्धमा।

**निर्णय नं. १**

वडा दशै २०८० को सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दाजुभाइ, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै चाडबाँडलाई तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन नगरवासीहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र निर्माण भएका भवनहरुको नक्सापास(अभिलेखिकरण तथा कैफियत निर्माण सम्पन्न) सम्बन्धी मिति २०७९।११।२८मा प्रकाशित सूचना अनुसार मिति २०८०।०२।२६ गतेसम्म निवेदन दर्ता गराई २०८० असार मसान्तसम्म प्रमाणपत्र उपलब्ध गराउनुपर्नेमा उक्त समयमा सबै निवेदकहरुको स्थलगत अध्ययन गरी प्रमाणपत्र उपलब्ध गराउन नसकिने अवस्था रही मिति २०८०।०३।२४ गते बसेको नगरकार्यपालिकाको १४२औं बैठकको निर्णय अनुसार मिति २०८० असोज मसान्तसम्म म्याद थप गरिएकोमा थपिएको म्यादमा समेत उक्त कार्य सम्पन्न हुन नसकेको हुँदा सो म्याद मंसिर मसान्तसम्म थप गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको नगरसभाको ११औं अधिवेशनबाट आ.व. २०७९/०८०को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका क्षेत्रभित्र गत आ.व. २०७९/०८० मा सञ्चालित विभिन्न आयोजनाहरु विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेका कारण योजनाहरुको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो तथा अन्तिम पटक म्याद थप गरिने मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/07/079/080 | चारकोठे भवन मा.वि. तोष | मास्क ड्रिम बिल्डर्स कन्सट्रक्सन प्रा.लि. | २०७९।१२।०७ | २०८०।०३।३१ | २०८०।११।३० |
| २ | NCB/WORKS/GSMC/08/079/080 | चारकोठे भवन मा.वि. धर्ना | | २०७९।१२।०७ | २०८०।०३।३१ | २०८०।११।३० |

**निर्णय नं. ५**

नेपाल सरकार र स्वीजरल्याण्ड सरकार विच सम्झौता भई कार्यान्वयनमा आएको दिगो तथा सम्मानीत रोजगारीका लागि सीप परियोजना दोस्रो चरण अन्तर्गत विनियोजित संघीय सशर्त बजेटबाट हलुका सवारी मेकानिक विषयमा १६९६ घण्टा तह २ को कार्यगत अभ्यास सहितको तालिम संचालन गर्नको लागि घोराही उपमहानगरपालिका र पद्मोदय पब्लिक नमूना माध्यामिक विद्यालय घोराही १५ भरतपुर दाङ विच सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड घ(१) बमोजिम मिति २०७९।०३।२२ गतेदेखि लागूहुने गरी पन्ध्र महिना अवधिको सम्झौता भई तालिम प्रदायक संस्थाले मिति २०७९।०५।२६ देखि तालिम संचालन गरेको तर केही महिनापछि भर्ना भएका मध्ये पचास प्रतिशत प्रशिक्षार्थीहरुले तालिम छोडी तालिम संचालनका लागि आवश्यक संख्या अपुग हुन गई पुनः नयाँ प्रशिक्षार्थी भर्नाका लागि केही महिना तालिम रोकिएको कारण तालिम सम्पन्न गर्न आवश्यक समय अपुग भएकोले ६ महिना म्याद थपका लागि तालिम प्रदायक संस्थाको च.नं. १६७, मिति २०८०।०५।२९ गतेको पत्रबाट अनुरोध भई आएको, दिगो तथा सम्मानीत रोजगारीका लागि सीप परियोजना कार्यान्वयन समितिका संयोजक तथा घोराही उपमहानगरपालिकाका नगरप्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षतामा इन्स्योर र तालिम प्रदायक संस्थाका प्रतिनिधि समेतको उपस्थितिमा मिति २०७९।०८।२९ गते भएको छलफलबाट नियमित उपस्थित हुने प्रशिक्षार्थी बाहेक अन्य कोटामा नयाँ प्रशिक्षार्थी भर्ना गरी तालिमलाई निरन्तरता दिने निर्णय समेत भएको हुँदा तालिम प्रदायक संस्थामा काबु बाहिरको परिस्थिति परी सम्झौता बमोजिमको अवधिमा तालिम सम्पन्न हुन नसकेको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन २०७९) को नियम १२० बमोजिम उक्त तालिमको सम्झौता अवधि/म्याद २०८०।०६।२२ गतेदेखि लागू हुनेगरी २०८० चैत्र २२ गतेसम्म ६ महिनाको अवधि थप गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको वडा नं. १४ सुन्दरनगर टोल र शुभ बिहानी टोल जोडने सेवार खोलामा ट्रष्ट बृज निर्माणका लागि Steel Parts/Fixture and Transportation खरिदका लागि चालु आ.व. २०८०/८१मा वडा नं. १४ सुन्दरनगर टोल र शुभ बिहानी टोल जोडने सेवार खोलामा ट्रष्ट बृज निर्माण बजेट शीर्षकमा विनियोजित रकम मध्येबाट व्ययभार हुने गरी खरिदको बोलपत्र प्रक्रिया अगाडी बढाउने साथै उक्त पुल सम्पन्न गर्न लाग्ने आवश्यक थप रकम आगामी नगरसभाको हिउदे अधिबेशनबाट बजेटको सुनिश्चितता हुने गरी कार्य अगाडी बढाउने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको सरसफाइ शाखामा फोहर संकलनमा प्रयोग हुने रा१ग ४५ र रा१ग ४७ नम्बरका गाडीहरु पाण्डवेश्वर मोटर पार्टसद्धारा मर्मत भई विल नं. २७, २८ र २९ अनुसार जम्मा १,७७,०७१।९३ (एक लाख सतहत्तर हजार एकहत्तर रुपैया तिरानब्बे पैसा) पाण्डवेश्वर मोटरपार्टसको नाममा भुक्तानी हुनपर्नेमा उक्त फर्मको खाता हाल आर्थिक कारोबार बिग्रिएर बन्द रहेको हुँदा उक्त रकम पाण्डवेश्वर वर्कसपको नाममा गरिमा विकास बैकमा रहेको खाता नम्बर ०६५०३४००९७९९२००००००२ मा भुक्तानीका लागि संचालक शोभा शाही र सरोज शाहको मन्जुरी सहित निवेदन पेश गर्नुभएकोले उक्त गाडी मर्मत गरेवापतको रकम उहाँहरु नै संचालक रहेको पाण्डवेश्वर वर्कसपको नाममा भुक्तानी दिने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशनबाट आ.व. २०८०/०८१मा सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको आयोजना निर्माणका लागि चालु आ.व.मा विनियोजित रकम  उक्त आयोजना सम्पन्न गर्न लाग्ने लागत अनुमान बढी हुन आएकोले उक्त योजनाहरुलाई आगामी आ.व. २०८१/०८२को बजेटबाट बाँकी रकम भुक्तानी हुने गरी वहुवर्षीय ठेक्का आह्वान गर्न स्वीकृति दिने ।

**तपसिलः**

| सि.नं. | योजनाको नाम | योजना स्थल | विनियोजन रकम | अनुमानित ल.ई.मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | ध्रुव कुमार श्रेष्ठको घरदेखि पाठक चोकसम्मको सडक स्तरउन्नती | वडा नं. १५ | २५,००,००००।- | रु.१,२६,००,००० | |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित शहिद मार्ग डुमरगाउँ(सेवार खोला पुलको उत्तरतर्फ) मापदण्ड विपरित ऐलानी जग्गा र सडक क्षेत्राधिकारमा केशरसिंह वलीले निर्माण गरिरहेको घर संरचना स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४१ को उपदफा (२) बमोजिम उक्त संरचना हटाउने।

**निर्णय नं. १०**

यस घोराही उपमहानगरपालिकामा आर्थिक सहयोगको लागि माग भएका तपसिल बमोजिमका संघ, संस्था, संगठन तथा व्यक्तिहरुलाई घोराही उपमहानगरपालिकाको तपसिल बमोजिमको शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने।

| सि. नं. | संघ/ संस्था/संगठन/ व्यक्ति | रकम | शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | रत्न कुमारी चौधरी वली<br>घोराही उपमहानगरपालिका वडा नं. १० | १५,०००।- | अन्य संस्था सहायता | किरिया खर्चका लागि सहयोग। |
| २ | सुसन चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. १० | १०,०००।- | अन्य संस्था सहायता | औषधी उपचारका लागि सहयोग |
| | केशर बहादुर थापा<br>घोराही उपमहानगरपालिका वडा नं. १२ | १०,०००।- | अन्य संस्था सहायता | औषधी उपचारका लागि सहयोग |
| ३ | श्री नवदुर्गा पुजा समिति घोराही दाङ | १५,०००।- | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | नवदुर्गा भवानीको मूर्ति स्थापना कार्यक्रम |
| ४ | नेपाल ज्योतिष परिषद<br>जिल्ला कार्यसमिति दाङ | ३५,०००।- | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | नेपाल ज्योतिष परिषद्‌को १८औं राष्ट्रिय ज्योतिष, वास्तु तथा अध्यात्म सम्मेलन २०८० कार्यक्रमका लागि |
| ५ | संगीत अधिकारी<br>(घोराही उमनपा वडा नं. १७)<br>मनिष बन्जाडे<br>(घोराही उमनपा वडा नं. १५) | १०,०००।– | अन्य संस्था सहायता | जलवायु सचेतनाका लागि युवा दुत घोराही दाङद्वारा संचालन हुने जलवायु परिवर्तन न्यूनीकरणका लागि सचेतना अभिमुखिकरण कार्यक्रमको नाममा भुक्तानी हुने (खाजा खर्चमा ६०००।– स्टेशनरीमा ३०००। र व्यानरमा १०००।-) |
| ६ | वडा नं. १९ थानडाँडा भगवती मन्दिर | १०,०००।- | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | मन्दिर परिसर व्यवस्थापन तथा सरसफाईका लागि |
| ७ | दाङ क्रिकेट संघ | १,८०,०५०।– | अन्य संस्था सहायता | गुलरिया क्रिकेट मैदान मर्मतका लागि माग बमोजिम संभार कार्यका लागि मुल्याङ्कन अनुसार अधिकतम |
| ८ | विष्णु प्रसाद चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. १६ | २५०००।- | अन्य संस्था सहायता | मृतक छोरा सुशान्त चौधरीको किरिया खर्चका लागि सहयोग |